काठमाडौँ महानगरपालिका

येँ महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल


# सेवा करारमा जनशक्ति पदपुर्ति सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०६/०९

काठमाडौ महानगरपालिका सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्वन्धी कार्यविधी, २०७९ बमोजिम महानगरपालिकाको सूचना प्रविधि विभाग अन्तर्गत सफ्टवेयर डेभलपमेन्ट तथा संचालन केन्द्र (Software Development and operation Center -SDOC) स्थापनाका लागि करारमा कामकाज गर्न तपसिल बमोजिमका जनशक्ति आवश्यक भएकाले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र रु.१,००० (एक हजार रुपैयाँ मात्र) राजश्व तिरेको रसिदको वा QR वाट भुक्तानी गरेको statement र अन्य आवश्यक योग्यता सम्बन्धित कागजातहरुसहित कार्यालयको वेभसाईट अनलाइन आवेदन प्रणाली (kathmandu.gov.np) मा रहेको अनलाईन आवेदन प्रणाली मार्फत दरखास्त पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा | शैक्षिक योग्यता | कार्य अनुभव (वर्ष) | माग संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | Project Manager (PM) | ७ | प्राविधिक | कम्प्यूटर विज्ञान/ईन्जिनियरिङ वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण | ३ | १ |
| २ | ०२-२०८२/०८३ | System Analyst | ७ | प्राविधिक | कम्प्यूटर विज्ञान/ईन्जिनियरिङ वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण | १ | १ |
| ३ | ०३-२०८२/०८३ | Front-End Developer | ७ | प्राविधिक | कम्प्यूटर विज्ञान/ईन्जिनियरिङ वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण | १ | २ |
| ४ | ०४-२०८२/०८३ | Back-End Developer | ७ | प्राविधिक | कम्प्यूटर विज्ञान/ईन्जिनियरिङ वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण | १ | २ |
| ५ | ०५-२०८२/०८३ | Database Engineer | ७ | प्राविधिक | कम्प्यूटर विज्ञान/ईन्जिनियरिङ वा सो सरह विषयमा स्नातक तह उत्तीर्ण | १ | १ |

यस सूचनासंग सम्बन्धित विस्तृत विवरण काठमाडौं महानगरपालिकाको आधिकारिक वेवसाइट www.kathmandu.gov.np मा हेर्न सकिनेछ ।

**काठमाडौं महानगरपालिका**

## विज्ञापन नं ०१-२०८२/०८३ देखि ०५-२०८२/०८३ सम्मको विस्तृत विवरण

1. परीक्षाको किसिमः- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
2. परीक्षा केन्द्रः- काठमाडौं महानगरपालिकाले तोके बमोजिम ।
3. लिखित परीक्षा मितिः- पछि प्रकाशन गरिनेछ ।
4. दरखास्त दिने अन्तिम मितिः- २०८२/०६/२९
5. उम्मेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुगी ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।
6. दरखास्त र राजश्व दस्तुर वुझाउने विधि र स्थानः- Online मार्फत [अनलाइन आवेदन प्रणाली (kathmandu.gov.np)] मा दरखास्त पेश गर्ने र दरखास्त दस्तुर वापतको रकम NIC Asia बैंकमा रहेको काठमाडौं महानगरपालिकाको बैंक खाता नं. 0012050061475040 (Kathmandu Mahanagarpalika Ga 1.1 Samajik Bikash Bivhag) मा जम्मा गर्ने वा संग्लग्न QR मार्फत दस्तुर जम्मा गर्न सकिनेछ ।

SAMAJIK BIKASH BIVHAG
Terminal : 2222120019728447
Bank Branch : Tripureswor

7. अपलोड गर्ने कागजातहरुः-
   क. नेपाली नागरिकताको प्रतिलिपि ।
   ख. न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा योग्यता खुलेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र।
   ग. कार्य अनुभवः- सम्बन्धित विषयमा सरकारी, सरकारी मान्यता प्राप्त संस्था एवं निजी क्षेत्रमा काम गरेको अनुभवलाई मुल्याङ्कनमा समावेश गरिनेछ ।
   घ. Skill Certifications (System Analyst पदका लागि)
   ङ. पाठ्यक्रमः- माथि उल्लिखित पदहरुको लागि लोक सेवा आयोगले निर्धारण गरेको कम्प्यूटर इन्जिनियर (रा.प्.तृतीय) पदको पाठ्यक्रम समेतको आधारमा महानगरपालिकाले तयार गरेको संग्लग्न पाठ्यक्रम अनुसार लिखित र प्रयोगात्मक परीक्षा संचालन गरिनेछ ।
8. विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF/JPEG Format मा अपलोड गर्नु पर्नेछ । सबै उमेदवारहरुले आफ्नो फोटो, दस्तखतको नमुना, नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उमेदवार स्वयम् पुर्ण जवाफदेही हुनु पर्नेछ । एक पटक अपलोड भइसकेको विवरण पुनः संसोधन गर्न पाइने छैन ।
9. शैक्षिक योग्यता र अनुभवका आधारमा आवेदनकर्ताले छुट्टाछुट्टै दस्तुर जम्मा गरि एक भन्दा बढी पदमा समेत आवेदन गर्न सकिनेछ ।
10. प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता मिति र स्थानः-लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ ।
11. पदमा रही गर्नुपर्ने कामको विवरणः-सम्वन्धित विषय संग सम्वन्धित ।
12. सेवा तथा सुविधाः-काठमाडौं महानगरपालिकाले तोके बमोजिम हुने ।
13. कार्य अवधिः ६ महिना (आवश्यकताका आधारमा प्रत्येक ६ महिनामा नविकरण गरिने छ) ।
14. अन्तर्वार्तामा आउँदा पेस गरेका सक्कल कागजातहरु समेत ल्याउनु पर्नेछ ।
15. थप जानकारीका लागि काठमाडौं महानगरपालिकाको सूचना प्रविधि विभागको आधिकारिक इमेल it.dept@kathmandu.gov.np मा इमेल गर्न सकिनेछ ।

**काठमाडौं महानगरपालिका**